# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुदूरपश्चिमम प्रदेश, नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : रा .२०८१/०८२
च.न. :

विषयः ढुंगा, गिट्टी, वालुवा, भरान र ग्राभेलको बिक्री कर संकलनका लागि विद्युतीय बोलपत्र वा HARD COPY आव्हान सम्बन्धि सूचना ।

प्रथम पटक प्रकाशित मिति: २०८१।७२९

**ठेक्का न. R 6/DSMC/081/082**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२(क) बमोजिम धनगढी उपमहानगरपालिका क्षेत्र भित्र भएर बग्ने मोहना, खुटीया र शिवगंगा नदी/खोलामा प्रारम्भिक वातावरणीय परीक्षण(IEE) प्रतिवेदनले तोकेको घाट स्थलहरूबाट धनगढी उपमहानगरपालिकाको आर्थिक ऐन २०८१ को दफा १५ अनुसूची १३ बमोजिम ढुंगा, गिट्टी, वालुवा, भरान र ग्राभेलको संकलन उत्खननमा बिक्रीकर (रोयल्टी) संकलन गर्नका लागि ईच्छुक फर्म वा कम्पनीहरूको जानकारीको लागि तपशिल बमोजिमको शर्तको अधिनमा रहने गरी विद्युतीय बोलपत्र वा हार्ड कपी आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**सूचनाका शर्तहरु**

१। खुटीया, शिवगंगा र मोहना नदीको न्युनतम बढाबढ ठेक्का अंक मु.अ.कर सहित ४,९५,४०,०७७ (अक्षरूपी चार करोड पैचानब्बे लाख चालीस हजार सतहत्तर मात्र) कायम गरिएको छ । स्वीकृत कार्य बिबरण बमोजिम १३ स्थानका नदी घाट कभरेजबाट बालुवा गिट्टी र ग्राभेल उत्खनन परिमाण अधिकतम २,०६,७९६ घन मिटर मात्र हुनु पर्नेछ । स्वीकृत परिमाण र तोकिएको बमोजिमको नदी घाट कभरेज भन्दा बाहिर गएर संकलन, उत्खनन घाटगद्दी र बिक्रि गर्न पाईने छैन ।

२। विक्री कर (रोयल्टी) संकलन गर्नु पर्ने दर प्रति घन मिटर मु.अ.कर. वाहेक रू. २१२। (अक्षरेपी दुई सय बाह्र मात्र) तोकिएको छ । सो मा मु.अ.कर थप गरी विक्रीकर संकलन गर्नु पर्नेछ ।

३। ठेक्काको अवधि ठेक्का स्वीकृत भै सम्झौता गरेको मितिले २०८२ जेष्ठ मसान्त सम्म मात्र हुनेछ ।

४। तोकिएको घाट स्थलको सिमा रेखा भन्दा बाहिर गई उत्खनन र संकलन गर्न पाईने छैन । तोकिएको सिमा भन्दा बाहिर गई उत्खनन र संकलन बाट रोयल्टी संकलन गरेको जानकारी वा प्रमाण फेला परेमा यस कार्यालयले ठेक्का सम्झौता रद्द गर्न सक्नेछ ।

५। बिद्युतीय माध्यमबाट बोलपत्र दाखिला गर्न ईच्छुक फर्म वा कम्पनीहरूले बोलपत्र खरिद वापतको रकम रा.बा.बैंक धनगढी शाखामा यस कार्यालयको नाममा रहेको अन्तरिक राजश्व खाता न.४१७०१००३०१०१०००२ मा वा HARD COPY पेश

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत

गर्नेले राजश्व शाखाबाट नगद रु. ५,०००। (पछि फिर्ता नहुने गरी) जम्मा गरेको भौचर समेत संलग्न गरी बोलपत्र पेश गर्नु पर्नेछ ।

६। बोलपत्र ३१ औ दिनको १२ बजेभित्र पेश गरिसक्नु पर्नेछ ।सोहि दिनको २.०० बजे खोलिने हुदा सो समयमा बोलपत्रदाता वा निजले तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ । उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

७। बोलपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन सो सम्बन्धि कार्य हुनेछ ।

८। बोलपत्र दर्ता गर्दा बोलपत्र दाताले आफुले कबोल गरेको ठेक्काअंकको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाताको हि.न.४१७०१००३०३००००२ मा जम्मा गरेको भौचर वा सो रकम बराबर को १२० दिन म्याद भएको नेपाल राष्ट्र बैकबाट “क“ वर्ग को मान्यता प्राप्त वाणिज्य बैंकको बैंक जमानत पत्र (विडबण्ड) पेश गर्नुपर्नेछ ।बोलपत्र समावेश गर्नका लागि अनलाईन www.bolpatra.gov.np/egp मार्फत सहभागी हुनु पर्नेछ ।

९। ठेक्काको किस्ता रकम र कार्यसम्पादन जमानी (performance Bond) सम्बन्धमा सुदुर पश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन ( पहिलो संसोधन ) कार्यबिधि, २०८० को दफा १० को १ र २ अनुसार हुनेछ ।

१०। बोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।यस कार्यालयबाट प्रमाणित नगरी बिक्री भएको र म्याद नाघी आएको बोलपत्र माथी कुनै कारवाही हुने छैन ।

११। यस शर्तमा लेखेका विषय हरू यसै बमोजिम र छुट भएका विषयहरू बोलपत्रमा उल्लेखित शर्तहरू, स्थानीय सरकार संचालन ऐन २०७४, यस नगरपालिकाको स्वीकृत सार्वजनिक खरिद नियमावली २०७७, ढुंगा, गिट्टी, बालुवा उत्खनन बिक्रि तथा व्यवस्थापन मापदण्ड २०७७, सुदुर पश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन ( पहिलो संसोधन ) कार्यबिधि, २०८०, नगर सभाले स्वीकृत गरेको आर्थिक ऐन २०८१ र प्रचलित कानुन बमोजिम हुनेछ । साथै कार्यगत शर्तका बिबरणहरू सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१२। यस कार्यालयको महालेखा परिक्षकको प्रतिबेदनमा बेरूजु उल्लेख भएका फर्म वा कम्पनीहरूले यस सूचना अनुसार बोलपत्र प्रस्ताव पेश गर्नका लागि भ्याट समायोजन गरेको सम्बन्धित अन्तरिक राजश्व कार्यालयको पत्र पेश गरेपछि मात्र योग्य हुनेछन् । यस व्यहोरा अनुसार सम्बन्धि फर्म वा कम्पनीले आफ्नो बेरूजु बिबरण यस कार्यालयको लेखा शाखामा रहेको महालेखा परिक्षकको प्रतिबेदनबाट हेर्न समेत सुचित गरिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिमम प्रदेश, नेपाल

प.स. : रा.२०८१/०८२
च.न. :

१३। ढुंगा, गिट्टी, बालुवा, माटो, भरान आदि जस्ता नदी जन्य पदार्थको अवैध/गैर कानूनी रूपमा संकलन/उत्खनन, ढुवानी, ओसार पसार जस्ता कार्यहरू गरेको देखिएमा वा पाईएमा त्यस्ता ढुवानीका साधन प्रयोग गर्ने व्यक्ति वा संस्थालाई यस कार्यालयले दण्ड जरिवाना स्वरूप पहिलो पटकमा रू. १,००,०००। (एक लाख मात्र) र सोही साधनले दोश्रो पटक उल्लेखित कार्य गरेको पाईएमा रू. २,००,०००। (दुई लाख मात्र) तथा पुन:तेश्रो पटक सोही प्रकृतिको कार्य गरेको पाईएमा निजले प्रयोग गरेको ढुवानी साधनलाई न.पा.ले जफत गरी लिलाम विक्री गर्नेछ । उक्त जरिवाना कार्यालयले आफै असुल गर्नेछ ।

१४। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

१५। यो सूचनामा उल्लेख हुन छुट भएका विषयहरू प्रचलित ऐन/कानुन बमोजिम हुनेछ ।

१६। मु.अ.कर बुझाएको प्रमाण पेश गरेपछि मात्र परफरमेन्स वण्ड फुकुवा गरिनेछ ।

१७। यो सूचना धनगढी उ.म.न.पा.को वेभसाइट dhangadhimun.gov.np वा bolpatra.gov.np/egp बाट समेत हेर्न सकिनेछ ।

१८। घाट स्थलहरूको नाम: वडा नं २ मोहना नदी, वडा नं १७ (दमौलिया), वडा नं १७ (दिपनगर), वडा नं १७ (भानु मावि),वडा नं. १५ (दोभान), वडा नं. १७ ( पटेला पुल उत्तर), वडा नं. १७ (धनचौरी), वडा नं. १७ (धनचौरी),वडा नं. १७ (धनचौरी), वडा नं. १५ (बेली पुल उत्तर), वडा नं १२ बेली पुल दक्षिण, वडा नं. १४ खुटिया गांउ २, वडा नं. १४ खुटिया गांउ १ गरी १३ वटा

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत